# बजेट वक्तव्य

# आर्थिक वर्ष २०८३/०८४

## मादी गाउँपालिका

थुमाकोडाँडा, कास्की

मितिः- २०८३/०३/०८

## माद़ी गाउँपालिकाको उन्नाईसौं गाउँअधिवेशन समक्ष पेस भएको

## २०८३/०८४ को बजेट वक्तव्य

यस मादी गाउँपालिकाको गाउँसभाका सभाध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, राष्ट्र सेवक कर्मचारीहरु, गाउँपालिकाको उन्नाईसौं अधिवेशनमा स्वागत एवम् सम्मान व्यक्त गर्दछु। यस पावन अवसरमा नेपालका प्रथम शहिद लखन थापा, २००७ सालको परिवर्तन, २०४६ सालको आन्दोलन, २०५२ सालको जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी/जनजाति आन्दोलन लगायतका सम्पूर्ण लोकतान्त्रिक आन्दोलनका महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। बेपत्ता परिवार, घाइते, अपाङ्गता भएका व्यक्ति लगायत सबै समुदाय प्रति उच्च सम्मान प्रकट गर्दछु ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू एवम् सदस्यज्यूहरु**

नेपालको संघीय शासन व्यवस्थाले अङ्गालेको तीन तहको सरकार मध्ये स्थानीय सरकारलाई नेपालको संविधानको भाग १९ ले प्रदान गरेको स्थानीय आर्थिक कार्यप्रणालीको अधिकार भित्र रहि यस अघि सभाध्यक्षज्यूले गाउँसभामा प्रस्तुत गर्नु भएको आ.ब २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रमले लिएका लक्ष्य एवं उद्देश्यलाई मध्यनजर गर्दै मादी गाउँपालिकाको उपाध्यक्ष तथा बजेट तथा योजना तर्जुमा समितिको संयोजकको हैसियतले आगामी आ ब. २०८३/८४ को बार्षिक बजेट यस सम्मानीत गाउँसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु यस अवसरमा आफूलाई गौरवान्वित महशुस गरेको छु ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू एवम् सदस्यज्यूहरु**

गाउँपालिकाले विकासको पहिलो आधार भौतिक पूर्वाधारलाई केन्द्र भागमा राखेर भौतिक पूर्वाधार निर्माण, स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, धार्मिक तथा सांस्कृतिक र अन्तर सम्बन्धित क्षेत्रमा क्रमिक रुपमा सुधार गर्दै लगेको छ।

बजेटलाई आर्थिक तथा सामाजिक क्षेत्रमा देखिएका चुनौति सम्बोधन गर्दै "समृद्ध मादी बनाउन परिलक्षित गरेको छु।बजेट तर्जुमा गर्दा मादी गाउँपालिकाका विषयगत समितिबाट प्राप्त सुझाव, राजनितिक दल, संघ संस्था तथा आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई प्राथमिकतामा राखेको छु।विश्व अर्थतन्त्र, आर्थिक मन्दीको प्रभावको तितो यथार्थलाई स्वीकार गर्दै सिमित श्रोत तथा साधनबाट प्राथमिकताका हिसाबले गाउँपालिकाबाट उपलब्ध गराउने

सेवा प्रवाहलाई बढी भन्दा बढी प्रभावकारी र व्यवस्थित गर्न अधिकतम प्रयास गरी बजेट तर्जुमा गरेको छु।स्थानीय सरकारको काम कारवाहीका लागि बनाइएको ऐन, कानून, नियम, नियमावली, निर्देशिका, कार्यविधि, नेपाल सरकारको मार्ग दर्शन, दीगो विकासका लक्ष्य, राष्ट्रिय विकासका लक्ष्य, विभिन्न क्षेत्रबाट जारी भएका राष्ट्रिय नीतिहरुलाई आधार मानी बनाएको छु।

मादीबासी बाट जनअनुमोदित भएर पालिका र पालिकाबासीको सेवामा समर्पित भएको पनि ४ बर्ष भन्दा बढी व्यतित भैसके छ, यस अवधिमा हामी संग उपलब्ध सिमित स्रोत-साधनको अधिकतम उपयोग मार्फत नागरिकहरुका आवश्यकता र चाहानालाई पुरा गर्न अधिकतम प्रयास गरेका छौ । नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्थाको माध्यम द्वारा सुशासन बिकास र समृद्धि हासिल गर्न उपलब्ध श्रोत साधनलाई अधिकतम परिचालन, गरी सामाजिक न्याय सहितको समृद्ध र आत्मनिर्भर मादी गाउँपालिका निर्माणमा सहयोग पुग्ने गरि बजेट तर्जुमाको प्रयास गरेको छु ।

नेपालको संविधानले हाम्रो संघीयतालाई सहकारी , समन्वय र सहकार्यको आधारमा अघी बढ्ने गरी परिकल्पना गरेको छ । नेपालको संविधानको धारा ५७ अनुसार अनुसूची ८ मा स्थानीय तहलाई संवैधानिक रुपमा नै एकल अधिकार प्रदान गरेको छ ।तर पनि स्थानीय तहले आफ्नो एकल अधिकार तर्फको दायित्व र कर्तव्य अनुरुपको आर्थिक अधिकार सङ्घीय सरकारबाट प्राप्त गर्न नसकेको अवस्था छ । पालिकाको आन्तरिक स्रोतको परिचालन पनि पालिका भित्र रहेको अन्नपुर्ण संरक्षण क्षेत्र (ACAP) र पालिकाको दोहोरो अधिकारको चेपुवामा परी आन्तरिक आम्दानीलाई प्रभावकारी बनाउन नसकेको अवस्था रहेको छ ।

पालिका आन्तरिक स्रोतमा मजबुत नहुनु, नागरिकहरुको आवश्यकता र चहानाका सिमाहरु बढ्दै जानुले नागरिकको आवाश्यकता र पालिकाले प्रदान गर्ने सेवाहरु बीच खाड्ल उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै पालिकाले सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान र आन्तरिक स्रोतको वैज्ञानीक र कुशल परिचालन गरी आन्तरीक राजश्वको दायरा फराकिलो बनाउने कोशिसका साथ पालिकालाई आत्मनिर्भर बनाउने हेतुले दिगो पूर्वाधार, रोजगार ,शिक्षा ,स्वास्थ्य , पर्यटन ,कृषि, बिपद ब्यबस्थापन र सुशासन जस्ता विषयलाई प्राथमिकतामा राखि सभाध्यक्षज्यूले सम्मानित गाउँ सभा समक्ष प्रस्तुत गरको नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै पालिका बासीको ईच्छा, चाहान र आवश्यकतालाई पूरा गर्ने उद्देश्यका साथ यो बजेट तयार गरको छु ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू लगायत सदस्यज्यूहरु**

अब म बजेटले अख्तियार गरेका उद्देश्यहरु यस सम्मानित सभा समक्ष राख्ने अनुमति चाहन्छु।

**बजेटका उद्देश्यहरु**

क. समृद्ध र आत्मनिर्भर मादी गाउँपालिका स्थापनाको लागि २१ औं शताब्दी सुहाउँदो प्रविधि मैत्री स्थानीय शासनको आधारशीला तयार गर्ने।

ख. सहस्राब्दी विकास लक्ष्यले लिएका उद्देश्यहरुको आधारशिला तयार गर्ने

ग. राष्ट्रिय बजेट तथा १६ औं आवधिक योजनाले परिलक्षित गरेका उद्देश्यहरुको परिपूर्ति गर्न सहयोग गर्ने।

घ. योजना र विकास प्रक्रियामा स्थानीय जनताको स्वस्फुर्त सहभागिता अभिवृद्धि गर्दै स्थानीय शान्ति, लोकतन्त्र, मानव अधिकार र सुशासनलाई बलियो बनाउने।

ङ. लैङ्गिक हिंसा, घरेलु हिंसा लगायत सामाजिक विभेदको न्यूनिकरण गर्दै सामाजिक समावेशी सामाजको आधारशिला तयार गर्ने।

च. गाउँपालिकाको दिगो र एकीकृत विकासको आधारशिला तयार गर्ने।

छ. संघीय सरकार र प्रदेश सरकारले तय गरेका उद्देश्य प्राप्तीको लागि साझेदारी गर्ने।

**बजेटले लिएका प्राथमिकताहरु**

उपरोक्त उद्देश्यहरु परिपूर्ति गर्न बजेटमा निम्न बमोजिम प्राथमिकताहरु निर्धारण गरेको छु।

क. स्थानीय ग्रामिण सडकहरुको सुदृढीकरण, अत्यावस्यक खानेपानी, सिंचाई, भवन, पुल लगायतका पूर्वाधारहरुको निर्माणबाट आर्थिक विकास हासिल गर्दै दिगो र एकीकृत विकासमा जोड दिने।

ख. संस्थागत क्षमता विकास गरी गाउँपालिकाको सर्वाङ्गीण विकास तथा प्रविधि मैत्री सहज सेवा प्रवाहमा जोड दिने।

ग. स्थानीय सुशासन र सन्तुलित विकासमा जोड दिने।

घ. शिक्षा, स्वास्थ्य, कृषि, पशु तथा सामाजिक क्षेत्रको विकास गर्ने र वनजन्य तथा वातावरणीय क्षेत्रको संरक्षण र सम्वर्धन गर्ने।

ङ. लैंगिक समानता तथा सामाजिक सशक्तीकरणमा जोड दिने।

च. संघीय सरकार र प्रदेश सरकार संग साझेदारी बढाई पुर्वाधार निर्माण लगायतको कार्य गर्ने। गण्डकी प्रदेशको केन्द्र रहेको यस गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता शहरी आधारभूत सेवा सुविधाको आवश्यकता बढ्दै गएको र यसलाई सम्बोधन गर्ने

सन्दर्भमा विशेष ध्यान पुऱ्याउँदै मादीको छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ हामी सबैको चासो हुनुपर्ने देखिन्छ। यसका लागि गाउँपालिकाको क्षेत्रगत दीर्घकालीन नीति तर्जुमा गरी कार्यान्वयन गर्नका लागि विकासका साझेदारहरुको पहिचान र उपयोग जस्ता विषयमा परम्परागत ढंगबाट मात्र नभई दीर्घकालीन योजना सहित अघि बढ्नु पर्ने बेला आईसकेको तथ्य पनि यस अवसरमा स्मरण गराउन चाहन्छु ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू लगायत सदस्यज्यूहरु**

अब म चालु आ.व. २०८२/०८३ को हाल सम्मको स्रोतगत बजेट, आम्दानी तथा खर्च लगायतको प्रगति संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| सि.नं. | अनुदान शिर्षक | बजेट | आम्दानी | खर्च |
|---|---|---|---|---|
| १ | समानिकरण अनुदान संघीय | १० करोड २२ लाख | ९ करोड ३४ लाख ६१ हजार ९ सय | ४ करोड ७४ लाख ९१ हजार २ सय |
| २ | विषेश अनुदान संघीय | ७२ लाख | ३२ लाख | ३० लाख ६७ हजार |
| ३ | समपुरक अनुदान संघीय | २ करोड ४७ लाख | ९९ लाख ३९ हजार | ९७ लाख ९ हजार ४ सय |
| ४ | सशर्त अनुदान संघीय | २७ करोड ६९ लाख | २१ करोड ७६ लाख ९६ हजार | २० करोड १७ लाख ३ हजार ९ सय |
| ५ | समपुरक अनुदान प्रदेश | ४० लाख | १९ लाख ३७ हजार | - |
| ६ | विशेष अनुदान प्रदेश | ४० लाख | २० लाख | १७ लाख ८३ हजार ८ सय |
| ७ | समानिकरण अनुदान प्रदेश | १ करोड १२ लाख ४७ हजार | १ करोड १२ लाख ४७ हजार | ५५ लाख ६२ हजार ५ सय |
| ८ | राजश्व बाँडफाँड संघीय | ११ करोड ४१ लाख ५४ हजार ५ सय | ९ करोड ६६ लाख २२ हजार १ सय | ७ करोड ३८ लाख ७९ हजार ५ सय |
| ९ | रोयल्टी | १ करोड ३७ लाख | १ करोड ९८ लाख ९६ हजार | |

| | | | | |
|---|---|---|---|---|
| १० | राजश्व बाँडफाँड प्रदेश | १ करोड २१ लाख ६६ हजार | ९३ लाख ९४ हजार २ सय | ५५ लाख २० हजार ६ सय |
| ११ | राजस्व बाँडफाँड स्थानीय | ६१ लाख २५ हजार | ४४ लाख ४४ हजार | ११ लाख ७५ हजार ५ सय |
| १२ | आन्तरिक स्रोत | ३ करोड ५५ लाख ७९ हजार २ सय | ३ करोड २५ लाख ५७ हजार | २ करोड ६५ लाख २० हजार ३ सय |
| १३ | जनसहभागिता | १ करोड | ७० लाख ३२ हजार १ सय | ४६ लाख ३ हजार २ सय |
| | जम्मा | ६२ करोड १९ लाख ७१ हजार ६ सय | ५० करोड ९४ लाख २७ हजार ६ सय | ३८ करोड १० लाख १७ हजार १ सय |

- उल्लेखित तथ्याङ्क हेर्दा निकासाको आधारमा हाल सम्मको वित्तिय प्रगति ७४.७९ प्रतिशत रहेको छ भने विनियोजित बजेटको आधारमा ६१.२५ प्रतिशत रहेको छ जसमा कूल विनियोजनको तुलना गर्दा कूल चालु शिर्षकको बजेटमा ६९.१५ प्रतिशत खर्च र कूल पूँजिगत शिर्षकको बजेटमा ४२.५१ प्रतिशत खर्च रहेको छ।
- हाल सम्मको अवस्था हेर्दा पूँजीगत तर्फ ठेक्का लागेका योजनाहरु प्रतिकुल मौसम र मुल्य बृद्धि समेतका कारण निर्माण कार्यमा ढिलाई भई भुक्तानी हुन नसकेको कारण कूल विनियोजनको तुलनामा खर्च प्रतिशत न्यून हुन गएको हो।
- गाउँपालिकाका कतिपय आयोजनाहरु सम्पन्नको चरणमा रहेका र कतिपय कार्यान्वयनको चरणमा रहेकाले आ.व. को अन्त सम्ममा भौतिक प्रगति ६० देखि ६५ प्रतिशतको हाराहारीमा रहने र सशर्त अनुदानमा खर्च नहुने रकम समेत समावेश भएकाले वित्तीय खर्च समेत सोहि प्रतिशतमा रहने अनुमान गरेको छु ।
- यसको अतिरिक्त संघीय सरकारबाट सामाजिक सुरक्षा भत्ता वापत रु. १६ करोड ४५ लाख ४० हजार, विनियोजन भई कार्यान्वयन भैरहेको व्यहोरा जानकारी गराउन चाहन्छु।
- कार्यालयको सेवा प्रवाहलाई सुव्यवस्थित गर्न आधुनिक प्रविधिको प्रयोगद्वारा जनतामा विश्वसनीयता पैदा गर्दै सुशासनमा टेवा दिन अर्थ मन्त्रालय अन्तर्गत महालेखा नियन्त्रक कार्यालयले विकास गरेको Sutra Revenue Module कम्प्यूटर सफ्टवेयर प्रविधिद्वारा राजश्व

लेखाङ्कन गरिने कार्य वडा तह देखि नै कार्यान्वयन भैरहेको छ। यस प्रणाली मार्फत सबै वडाहरुमा राजश्व संकलन भइरहेको हुँदा राजश्व चुहावटमा नियन्त्रण आएको व्यहोरा समेत जानकारी गराउन चाहन्छु।

- नेपाल सरकारबाट प्राप्त हुने निशर्त अनुदान घट्दो क्रममा रहेको सन्दर्भमा आफ्नो लागि आवश्यक पर्ने स्रोतको व्यवस्थापन आँफै गर्नुपर्छ भन्ने मान्यताका आधारमा स्थानीय तहको दिगो र स्थायी स्रोतका रुपमा रहेको सम्पत्ती कर, दहत्तर बहत्तर, घर नक्सा पास, घर जग्गा अभिलेखिकरण, निर्मित पूर्वाधारमा शुल्क, व्यवसाय दर्ता तथा नवीकरण जस्ता कार्यक्रमलाई थप प्रभावकारी रुपमा आगामी आ.व. देखी कार्यान्वयनमा ल्याईनेछ। जसबाट प्रक्षेपित आन्तरिक आय अनुसार राजश्व संकलनमा टेवा पुग्ने अनुमान छ।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यू लगायत सदस्यज्यूहरु**

हाल गाउँपालिकामा संचालित कार्यक्रमहरुको अवस्थाको बारेमा संक्षिप्त प्रतिवेदन पेश गर्न चाहन्छु।

- **याङ्जाकोट तोगी वार्चोक भाचोक नागिधर पोशी पर्क्यु** सडकको पहिलो खण्ड हाल सम्म ४०० मि. सडक खण्ड ढलान सम्पन्न भई **बाटो चौडा गर्ने** लागत अनुमान बमोजिमको कार्य सम्पन्न भएको छ भने दोस्रो खण्ड को १०५० मि. बाटो ढलान भई लागत अनुमानको करिब ८५ प्रतिशत कार्य सम्पन्न भएको छ ।
- **भगवती-खिमाजे-वार्चोक (भगवती लम्तरी) सडक खण्डमा नाला बनाउने, वाल लगाउने कार्य सहित करिव ३०० मि. बाटो ढलान सम्पन्न भएको र थप ६०० मिटर ढलानको लागि काम भैरहेको व्यहोरा निवेदन गर्न चाहान्छु ।**
- सशर्त अनुदान अन्तर्गत निर्माणाधिन याङ्जाकोट ज्याङ्दु सडकको दोबाटो देखि २६० मिटर बाटो ढलान गर्ने , रिटेनिङ वाल लगाउने सहितको काममा करिव ५० प्रतिशत काम सम्पन्न भई सकेको छ ।
- सबै गाउँहरुमा कच्ची मोटरबाटोको पहुँच पुऱ्याउने उद्देश्य अनुरुप यस आ.व. मा वडा, पालिका र प्रदेश सरकारको लगानीमा केही थप गाउँहरुमा सडकको पहुँच वृद्धि भएको छ भने ट्र्याक खोलिसकेका सडकहरुको मर्मत संभार तथा सुधारका कार्यहरु सबै वडाहरुमा संचालित छन्।
- क्रपु डाँडा पर्यटकीय स्थल पुर्वाधार निर्माणको लागि प्रदेश संगको साझेदारीमा बजेट विनियोजन भएको भएतापनि मौसमको प्रतिकुलता र बाटोको समस्याले निर्माण कार्य अगाडि बढ्न नसकेको

र निर्माण सामाग्रीहरु निर्माण स्थलमा झरिसकेको अवस्था छ भने निर्माण व्यवसायिले म्याद थपको लागि माग गरेको जानकारी गराउन चाहान्छु ।

- गाउँपालिकाको वडा नं. ७ मा निर्माणाधिन १५ शैया अस्पतालको कान्लो तर्फको सेयरवाल सम्पन्न भएको छ भने शुरु फाउन्डेशन तयार भएको छ भने प्रदेश र जिल्ला समन्वय समितिको साझेदारीमा निर्माण भएको २ तले शैमाराङ स्वास्थ्य चौकीको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।
- संघीय सरकारको विशेष अनुदानमा वडा नं ४ मा कृषि संकलन केन्द्र निर्माणाधिन अवस्थामा रहेको छ भने वडा नं ६ मा निर्माणाधिन शित भण्डारको स्ट्रक्चर निर्माण कार्य तयार भएको भएतापनि अन्य मैशिनरी औजारको व्यवस्थापन भएको छैन । आ.ब.को अन्त सम्म शित भण्डार सम्पन्न हुने अनुमान रहेको छ ।
- सिक्लेश सांस्कृतिक ग्राम निर्माणका लागि विगत आ.ब.हरुमा कार्य भएकोमा उक्त निर्माण कार्य प्रति निर्माण व्यवसायि र पालिकाको मत बाझिएको, निर्माण व्यवसायिले लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको दावी गरेको र पालिकाका प्राविधिकबाट नापचाँच गर्दा ६० देखि ६२ प्रतिशत मात्र काम सम्पन्न भएको भन्ने भनाई रहेकाले यस आ.ब.मा उक्त कार्यका लागि रकम भुक्तानी भएको छैन भने गाउँपालिकाले यस योजनालाई रुघ्ण योजनाको रुपमा लिईएको व्यहोरा जानकारी गराउन चाहान्छु ।
- गाउँपालिकाको वडा नं १ सिक्लेशमा नागरिक आरोग्य केन्द्रको भवनलाई रिनोभेशन गरी व्यवस्थित बनाउनको लागि ठेक्का बन्दोवस्त भएकोमा सो को करिब ४० प्रतिशत कार्य सम्पन्न भएको छ ।
- मादी गाउँपालिको वडा नं १ मा रहेको पर्यटकिय क्षेत्र कोरीमा खानेपानी व्यवस्थापनको लागि महानगरपालिकाको साझेदारीमा कार्य गर्न उपभोक्ता मार्फत पाईप खरिद गरि कार्य अघि बढीरहेको व्यहोरा जानकारी गराउन चाहान्छु ।
- याङ्जाकोट खेलमैदान निर्माण कार्य सम्पन्न भएको व्यहोरा जानकारी गराउन चाहान्छु ।
- गाउँपालिकाका सबै वडाहरुमा साना प्रकारका सिंचाई, खानेपानी, गोरेटो बाटो, सामुदायीक भवन जस्ता पूर्वाधारहरुको मर्मत संभार कार्य भैरहेका छन् ।
- कृषि क्षेत्रको विकास नभई समग्र आर्थिक वृद्धि नहुने कुरालाई मध्ये नजर गर्दै आधुनिक कृषि प्रविधि मार्फत कृषि क्षेत्रलाई प्रवर्धन गर्न सबै वडा समेट्ने गरी कृषकहरु संगको साझेदारीमा रु ३० लाख वरावरको कृषि औजार उपकरण खरिद र वितरण कार्य अन्तिम चरणमा रहेको

छ भने ACAP संगको साझेदारीमा वडा नं ३,६,८ र ११ का कृषक लाभान्वित हुने गरी ४६२ वटा गोला सहितको मौरीघार र मागको आधारमा २०० वटा खालि घार बाँड्ने तयारी रहेको छ भने मौरी पकेट निरन्तरता कार्यक्रम अन्तर्गत राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रमको साझेदारीमा वडा नं २,३ र ११ मा ९९ घार उपलब्ध गराई ३ वटा वडा मौरी पकेट क्षेत्र कायम भएको कुरा जानकारी गराउन चाहान्छु ।

- स्थानीय उत्पादनको प्रयोग गर्दै गुन्द्रुक प्रवर्धन कार्यक्रम, बगर खेति प्रोत्शाहन कार्यक्रम, मसलाबाली कार्यक्रम अन्तर्गत अलैंचिको बेर्ना वितरण, लहरे तरकारीबालीको मिनिकिट वितरण, युवा लक्षित च्याउखेति प्रवर्धन कार्यक्रम लगायत व्यवसायिक तरकारी खेति कार्यक्रम संचालन जस्ता कार्यक्रमहरु यस वर्ष संचालन भएका छन ।
- पशु विकास कार्यक्रम अन्तर्गत वडा नं ४ मा भैंसी पकेट विकास कार्यक्रम संचालनमा रहेको छ । जसमा ३० वटा उन्नत जातका भैंसिहरु यसै आ.ब.मा वितरण गरिने छ भने पशुमा लाग्ने महामारी रोगका लागि औषधिहरुको व्यवस्था तथा घुम्ती सिविरहरु संचालन गरिएका छन ।
- सामुदायिक विद्यालयमा बालविकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूका लागि सञ्चालित दिवा खाजा कार्यक्रममा संघीय सरकारबाट प्राप्त अनुदान रकममा गाउँपालिकाको आन्तरिक स्रोतबाट प्रति विद्यार्थी प्रतिदिन रु. ३ थप गरी कुल रु. २३ उपलब्ध गराइएको,यसबाट विद्यार्थीहरूलाई गुणस्तरीय तथा पोषणयुक्त खाजा उपलब्ध गराउने वातावरण सिर्जना भई विद्यालयमा नियमित उपस्थितिमा समेत सुधार आएको छ ।
- विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि स्तरीय मूल्याङ्कनका साधन निर्माण गरी वार्षिक परीक्षा व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न भएको साथै तथ्यगत तथा वस्तुनिष्ठ मूल्याङ्कन प्रणालीको अवलम्बनबाट विद्यार्थीहरूको वास्तविक सिकाइ उपलब्धिको आधारमा नतिजा प्रकाशन गरिएको छ, जसले शैक्षिक गुणस्तर सुधारमा टेवा पुऱ्याएको छ ।
- शैक्षिक सत्र २०८३ का लागि आवश्यक सबै पाठ्यपुस्तक, छात्रवृत्ति तथा शैक्षिक सामग्री समयमै विद्यालय तथा विद्यार्थीहरूलाई उपलब्ध गराइएको छ । यसबाट सबै बालबालिकालाई नियमित पठनपाठनमा सहभागी गराउने वातावरण निर्माण हुनुका साथै शैक्षिक पहुँच सुनिश्चित भएको छ ।
- स्थानीय स्तरमा खेल प्रतिभाको विकास तथा प्रोत्साहनका लागि गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सफलतापूर्वक सञ्चालन गरिएको तथा प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन

गर्ने विद्यार्थी खेलाडीहरूलाई जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिताको अवसर प्रदान गरिएको छ, जसले खेलकुद क्षेत्रमा प्रतिस्पर्धात्मक वातावरण निर्माण गरेको छ।

- आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति कार्यक्रममा पहुँच बढाउने उद्देश्यले आवश्यक सचेतना तथा सहजीकरण कार्यक्रम सञ्चालन गरिएको तथा छात्रवृत्ति आवेदन प्रक्रिया सहज बनाइएको साथै छनोट भएका विद्यार्थीहरूको छात्रवृत्ति रकम प्रत्यक्ष रूपमा व्यक्तिगत बैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाइएको छ, जसले पारदर्शिता र प्रभावकारिता सुनिश्चित गरेको छ ।
- मेरो मादी नामक स्थानीय पाठ्यपुस्तकको चालु आ.व. मा छपाई कार्य सम्पन्न गरी सबै विद्यालयहरुमा निशुल्क रुपमा वितरण गरी पठनपाठन संचालित छ।
- मादी गाउँपालिका वडा नं १,२ ,३,५ ,९ र १० का सम्बन्धित स्वास्थ्य चौकीहरुमा प्रजनन् रुग्णताको स्वास्थ्य शिविर सञ्चालन गरी ५४० जना महिलाको DNA/PCR प्रविधीबाट पाठेघरको स्वास्थ्य परिक्षण गरिएको साथै संकास्पद महिलाको पुनपरिक्षण तथा उपचार ब्यवस्थापन गरिएको छ ।

१- थुम्सीकोट प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बिमा कार्यक्रम सञ्चालनको लागी Software जडान भएको छ । सबै स्वास्थ्य संस्थाहरुमा अत्यवश्यक औषधी खरिद गरी बितरण भएको। संघ संस्था हरुको सहयोगमा मादी गाउँपालकाका बिभिन्न वडा हरुमा निःशुल्क आँखा चाँच ,मानसिक स्वास्थ्य शिविरहरु सञ्चालन भएको छ ।

- उपाध्यक्ष संग सुत्केरी पोषण कार्यक्रमबाट यस आ.ब.को हाल सम्म १२ वटै वडाका ५९ जना सुत्केरीहरु लाभान्वित भएका छन भने जनसंख्या बृद्धि दर घट्दै गएको सन्दर्भमा सन्तान जन्माउने जोडिलाई प्रोत्शाहन भत्ता उपलब्ध गराईएको छ भने विदुर भत्ता समेतको व्यवस्था गरिएकोछ ।
- संभावित मनसुनजन्य तथा प्रकृतिजन्य विपदसँग सामना गर्न विपद प्रतिकार्य योजना तयार गर्ने तथा विपद प्रतिकार्य सामाग्री कार्यालयमा व्यवस्थापन गरि संभावित विपद न्युनिकरण गर्ने कार्यलाई थप व्यवस्थित गर्न प्रकोप व्यवस्थापन कोष तथा विपद व्यवस्थापन कोष खडा गरिएको छ ।
- भुक्तानी प्रणालीलाई सहज, सरल र पारदर्शि बनाउन सम्पुर्ण आर्थिक कारोबारलाई विद्युतिय प्रणाली मार्फत सिधै बैंक खातामा जम्माहुने व्यवस्था मिलाईएको छ भने आन्तरिक राजस्व सुत्र प्रणाली मार्फत असुल उपर गरिएकोले राजस्व चुवाहटमा नियन्त्रण हुने कुरा जानकारी गराउन चाहान्छु ।

- आन्तरिक आयलाई बृद्धि गरि सन्तुलित बजेट बनाउनको लागि कर, शुल्क, दस्तुरको दर वृद्धि नगरी दायरा फराकिलो बनाउने प्रयास गरिएको छ भने मादी नदीमा निर्माण भएका र निर्माणाधिन हाईड्रोहरुको अध्ययन गरी सो बाट कानुन बमोजिम पालिकालाई प्राप्त हुने राजस्वको अध्ययन गर्न एक उच्च स्तरीय प्राकृतिक स्रोत अनुगमन समिति गठन गरिएको र सो समितिले प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्वको तथ्याङ्क र नियमनकारी भुमिका खेलिरहेको समेत सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।
- बेरुजुमा शुन्य सहनशिलताको निति अनुरुप आ.ब. २०८१/०८२ को लेखा परीक्षणबाट औंल्याएको वेरुजु रु २ करोड ८५ लाख ७५ हजार मा प्रारम्भिक प्रतिक्रियाबाट रु १ करोड ५ लाख १४ हजार बेरुजु फछ्र्यौट भएको छ भने गाउँपालिकाको लेखा समितिले आ.ब. २०८०/८१ को रु ३८ लाख २०० र आ.ब. २०८१/०८२ को नियमित प्रकृतिको बेरुजु रु १ करोड १७ लाख २२ हजार बेरुजु गरि जम्मा रु १ करोड ५५ लाख २२ हजार २०० फछ्र्यौटको लागि पेश गरेको व्यहोरा जानकारी गराउन चाहान्छु ।

**आदरणीय गाउँसभाका अध्यक्षज्यू लगायत सदस्यज्यूहरु**

- अब म आ.व. २०८३/०८४ का लागि विनियोजित बजेटले आँकलन गरेका मुख्य मुख्य क्षेत्रहरुको संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु।

**आर्थिक विकास तर्फ**

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी बनाउन, विषादीरहित (अर्गानिक), गुणस्तरीय उत्पादनका लागि कृषिका सबै सरोकारवालाहरु समेतको माग र आवश्यकता अनुसार उपलब्ध स्रोतको आधारमा सहजीकरण गर्न, कृषि उत्पादकत्व वृद्धिमा सहयोग पुर्‍याउन, निश्चित अवधिका लागि विपन्न एवम् जोखिममा परेका कृषकहरु तथा त्यस्ता सेवा नपुगेका गाउँ क्षेत्रलाई लक्षित गरी साना सिंचाई आयोजनाहरुलाई प्राथमिकताका साथ अगाडि बढाउन, युवाहरुको विदेश पलायन हुने सोचलाई निरुत्साहित गरी नमूनाको रुपमा व्यवसायिक कृपक उत्पादन गरी कृषि क्षेत्रका विभिन्न व्यवसायलाई प्रोत्साहित गर्न, जग्गा बाँझो राख्ने प्रवृत्तिलाई अन्त्य गरी जग्गाको चक्लाबन्दीका लागि प्रोत्साहित गराई उत्पादनमा जोड दिने वातावरण सृजना गर्न र मौरीपालन, उन्नत तरकारीको बीउ, फलफूलको विरुवा, प्लाष्टिक टनेल, असिना जाली, प्लाष्टिक पोखरी आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसानलाई प्रोत्साहित गर्न बजेटको व्यवस्था गरेको छु। कृषक समूहलाई प्रोत्साहन गर्न, व्यवसायिक कृषकहरुले कृषि क्षेत्रमा गरेको उपलब्धिलाई मापन गरी प्रतिस्पर्धाका आधारमा पुरस्कृत गर्न र लोप हुन लागेका स्थानीय रैथाने

जातका बीउ बीजनहरुको संरक्षण गर्दै आलुको विउ लगायतका बिउबिजनहरु चिस्यान केन्द्रमा भण्डारण गर्ने कार्यलाई आगामी आ.व. मा थप प्रभावकारी बनाई लगिने छ।

- सामुहिक वा सहकारी खेति प्रणालीको प्रर्वधन गर्न एक गाउँ एक उत्पादनको लागि सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरिनेछ। कृषिमा आधुनिकिकरणका लागि आवश्यक यन्त्र उपकरण खरिदमा बजेट व्यवस्था गरेको छु ।
- यस आ.ब.मा माटो स्वास्थ्य सुधार कार्यक्रम संचालन गर्नको लागि तथा प्राङ्गारिक खेति प्रवर्द्धन कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छु ।
- रैथाने बालीहरुको विउ हराउदै गएको सन्दर्भमा रैथाने वाली जस्तै मादले कात्रो, कोदो लगायत हावापानी सुहाउदो रैथाने वाली प्रवर्द्धनको लागि बजेट व्यवस्था गरेको छु ।
- घाँसको गुणस्तर प्रवर्धन र पशुहरुको लागि औषधी तथा खोप व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- तरकारी, मौरी, मसला बाली, बिउ उत्पादन, फलफुल तथा साना पकेटको कार्यक्रमलाई निरन्तरता दिन आवस्यक बजेट व्यवस्था गरेको छु।
- असिना पिडित कृषकहरुलाई मध्ये नजर गरी आगामी आ.ब.मा मकैको विउ वितरण गरिने र सबै वडाहरुमा मिनिकिट वितरण गर्ने कार्यलाई निरन्तरता दिएको छु ।
- माटोको उर्वराशक्तिको दिगो व्यवस्थापनका लागि माटो स्वस्थ्य सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- कृषकलाई कृषि उत्पादनमा आवश्यक पर्ने बीउ बिजन, नयाँ प्रविधिको सर्वसुलभ आपूर्ति सुनिश्चत गरी कृषि उत्पादन बढाईने छ
- बाँझो तथा नदी, खोला किनाराको खेर गएको जग्गामा बगर खेती प्रवर्द्धन गरिनेछ ।
- मादीको रैथाने परिकार गुन्द्रुकको उत्पादन, गुणस्तर र बजारीकरण बढाउन यसको प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- कृषि क्षेत्रमा अकस्मात फैलिने रोग, कीरा र शत्रुजीवहरू नियन्त्रण गर्न र प्राकृतिक प्रकोपबाट भएको क्षतिको लागि राहात कार्यक्रम सञ्चालन गरिनेछ .
- मादी गाउँपालिकाको व्यावसायिक मौरीपालनको सम्भावनालाई मध्यनजर गर्दै यस व्यवसायको आधुनिकीकरण, उत्पादकत्व वृद्धि र महको ब्रान्डिङ गर्न आवस्यक बजेट प्रवन्ध गरेको छु ।
- कृषि तथा पशुपन्छीसंग सम्वन्धित पेशालाई मर्यादित तुल्याउन र वास्तविक किसानको हकहित सुरक्षित गर्न किसान सुचीकरण तथा प्रमाणिकरण कार्यलाई सघन रुपमा अघि बढाइने छ ।

- घाँसको गुणस्तर प्रवर्धन र पशुहरुको लागि औषधी तथा खोप व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- भैंसी पकेट क्षेत्रको विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ । दुग्ध पदार्थ उत्पादनमा उल्लेख्य वृद्दि गरिनेछ र दुग्ध संकलन केन्द्रको स्थापना गरि दुधको मुल्य श्रङखला, भण्डारण र विविधिकरणमा जोड दिईनेछ
- पशुको निःशुल्क कृतिम गर्भाधान गर्न बजेटको व्यवस्था गरेको छु।
- लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीको संख्या वढाउन तथा लघु उद्योग प्रवर्धन तथा प्रविधि हस्तान्तरण गर्न बजेट सुनिश्चित गरेको छु।
- धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको संरक्षण तथा प्रवर्धन गर्न र थप पर्यटकीय गन्तव्यलाई पूर्वाधार सम्पन्न बनाउन बजेटको व्यवस्था गरेको छु।
- मागमा आधारित साना तथा मझौला सिंचाई योजनाको लागि बजेट व्यवस्था गरेको छु ।
- वन, वातावरण तथा सहकारीको व्यवस्थापन, प्रवर्धन, क्षमता विकास गर्न बजेट सुनिश्चित गरेको छु।
- उपरोक्त नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्न आगामी वर्षमा रु ३ करोड २९ लाख ५३ हजार बजेटको प्रबन्ध गरेको छु।

**आदरणीय गाउँसभाका अध्यक्ष ज्यु लगायत सदस्यज्यूहरु**

**सामाजिक विकास तर्फ**

- सामुदायिक विद्यालयहरूको प्रशासनिक, व्यवस्थापकीय तथा शैक्षिक नेतृत्वलाई थप प्रभावकारी, उत्तरदायी र परिणाममुखी बनाउन विद्यालयका प्रधानाध्यापकहरूको भूमिकालाई सुदृढ गरिनेछ यसका लागि प्रचलित व्यवस्थाअनुसार उपलब्ध गराइँदै आएको प्रधानाध्यापक भत्तामा गाउँपालिकाको आन्तरिक स्रोतबाट थप बजेट प्रवन्ध गरेको छु, साथै महिला शिक्षकहरूको मातृत्व अधिकारको सम्मान गर्दै सुत्केरी बिदाको अवधिमा पठनपाठन कार्य नियमित रूपमा सञ्चालन गर्न महिला शिक्षक सुत्केरी बिदामा रहेको अवस्थामा विद्यालयमा उत्पन्न हुने शिक्षक अभावलाई सम्बोधन गर्न सट्टा शिक्षक व्यवस्थापनका लागि आवश्यक बजेट प्रबन्ध गरेको छु ।
- सबै विद्यार्थीलाई समयमै निःशुल्क पाठ्यपुस्तक तथा आवश्यक थप सिकाइ शैक्षिक सामग्रीको प्रवन्ध गर्ने साथै विद्यालयहरूमा इन्टरनेट सेवाको पहुँच विस्तार गरी सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइलाई प्रोत्साहन गर्न बजेट व्यवस्था गरेको छु ।

- संघीय सरकारले उपलब्ध गराएको तलब सुविधामा अपुग हुने रकमलाई नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकको आधारमा मूल्याङ्कन गरी गाउँपालिकाबाट आवश्यक तलबभत्ताको व्यवस्था गरी प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको सेवा सुविधाको सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।
- सामुदायिक विद्यालयमा बालविकास केन्द्र देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूको पोषण अवस्था सुधार, नियमित विद्यालय उपस्थिति वृद्धि,सिकाइ उपलब्धिमा सकारात्मक प्रभाव तथा स्वस्थ जीवनशैलीको विकास गर्ने उद्देश्यले सञ्चालित दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ । यसकालागि संघीय सरकारबाट उपलब्ध गराइने प्रति विद्यार्थी रु. २० अनुदान रकममा गाउँपालिकाको आन्तरिक स्रोतबाट थप रु. ५ विनियोजन गरी प्रति विद्यार्थी प्रतिदिन रु. २५ का दरले बजेट व्यवस्था गरेको छु ।
- स्वस्थ युवा, सक्रिय खेलकुद, समृद्ध मादी गाउँपालिका भन्ने मुल नाराका साथ अध्यक्ष कप र राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई नियमित, व्यवस्थित र प्रतिस्पर्धात्मक रूपमा सञ्चालन गरी स्थानीय स्तरमा रहेका प्रतिभावान खेलाडीहरूको पहिचान, क्षमता विकास तथा उच्चस्तरीय प्रतियोगितामा सहभागिताका लागि आवश्यक अवसर सिर्जना गर्ने व्यवस्था मिलाएको छु ।
- विद्यालय बस सञ्चालनमा सुरक्षा मापदण्ड, नियमित अनुगमन तथा विद्यार्थीसुरक्षासम्बन्धी आवश्यक व्यवस्थालाई प्रभावकारी रूपमा लागू गरी विद्यालयबाट टाढा रहेका बालबालिकाको सुरक्षित आवतजावत सुनिश्चित गर्न अभिभावक, विद्यालय प्रशासन तथा बस व्यवस्थापन पक्षलाई थप जिम्मेवार र जवाफदेही बनाई प्रभावकारी रूपमा लागू गरिनेछ भने विद्यालयलाई बसभाडा अनुदान तथा बस खरिदको लागि वजेट व्यवस्था गरेको छु ।
- आवश्यक जनशक्ति, औषधि, उपकरण तथा पूर्वाधारसहित एकीकृत स्वास्थ्य सेवाप्रणाली विकास गरिने साथै आधारभूत अस्पतालहरूको पहुँच र सेवा विस्तार गरि स्वास्थ्य बीमा कार्यक्रमलाई मादी आधारभुत अस्पताल सम्म बिस्तार गरी थप प्रभावकारी बनाउन वजेटको प्रवन्ध गरेकोछु ।
- नागरिकलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था सहित क्यान्सर, मधुमेह, उच्च रक्तचाप लगायत नसर्ने रोगहरूको रोकथाम, नियमित परीक्षणतथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गरी स्वस्थ जीवनशैली प्रवर्द्धनमा जोड दिन आवस्यक व्यवस्था गरेको छु ।

- मानसिक स्वास्थ्यलाई सार्वजनिक स्वास्थ्यको अभिन्न अंगका रूपमा विकास गरी राष्ट्रिय मानसिक स्वास्थ्य नीति कार्यान्वयन गरी योग, ध्यान तथा सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम विस्तार गर्न नागरिक आरोग्य कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको क्षमता र सेवा क्षेत्र विस्तार गर्न बजेटमा निरन्तरता दिएको छु ।
- सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरु , जेष्ठ नागरिक तथा उपाङग ब्यक्तिहरुको लागी दिईदै आएको निःशुल्क एकतर्फी एम्बुलेन्स सेवालाई निरन्तर गर्ने प्रवन्ध मिलाएको छु ।
- स्वास्थ्य संस्थाका भवनको मर्मत सम्भार तथा रङरोगन कार्य गर्न बजेट विनियोजन गरेको छु ।
- स्वास्थ्य नीति २०८३/०८४ ले "सबैका लागि गुणस्तरीय, पहुँचयोग्य र किफायती स्वास्थ्यसेवा" लाई प्राथमिकता दिँदै स्वास्थ्य बीमा सुधार, नसर्ने रोग नियन्त्रण, मानसिक स्वास्थ्य तथा आधारभूत स्वास्थ्य सेवाको सुदृढीकरणमा विशेष जोड दिई बजेट व्यवस्था गरेको छु।
- दीर्घ रोगिहरुलाई माशिक रु ५ हजारको दरले उपलब्ध गराउदै आएको औषधी उपचार खर्चलाई निरन्तरता दिएको छु ।
- उपाध्यक्षसँग नव शिशु सुत्केरी भेट तथा पोषण कार्यक्रम, विदुर भत्ता, अपाङ्ग स्याहारे भत्ता र जनसंख्या वृद्धि प्रोत्साहन कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको छु ।
- महिला, दलित, आदिबासी, जनजाति, अल्पसंख्यक, जेष्ठ नागरिक, बालबालिका र आपांगता भएका ब्यक्ति तथा बर्गलाई राज्यको विकासको मुल प्रवाहमा समाहित गर्न आवश्यक कदम चालिनेछ । सामाजिक र आर्थिक अवसरहरुमा समान सहभागिता सुनिश्चितगरी लैंगीक मुल प्रवाहिकरण र शसक्तिकरण गर्ने अभिप्रायले हरेक लक्षितबर्गको लागि यस बर्ष समाबेशी बर्गका लागि शसक्तिकरण अभियान-२०८३ सञ्चालन गरिनेछ । उक्त अभियानले लैङ्गिक र जातिय समानता मार्फत मर्यादित, न्यायपूर्ण सुरक्षित र सभ्य समाजको विकास हुनेछ ।
- आकस्मिक महिला तथा बालकोष कार्यक्रमलाई निरन्तरता दिएको छु ।
- विपन्न, दलित र जेहेन्दार विद्यार्थीलाई अध्ययनको लागि दिँदै आएको छात्रवृत्तिलाई निरन्तरता दिएको छु।

  ECD शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न मन्टेश्वरी तालिमको लागि बजेट विनियोजन गरेको छु।

- गाउँपालिका भित्र संचालनमा रहेका खानेपानीको मुहान संरक्षण तथा मर्मत संभारको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- विभिन्न समुदायको मौलिक चाडपर्वलाई आर्थिक सहयोग, संरक्षण एवम् प्रचारलाई निरन्तरता दिन साथै गुम्बा, मन्दिर तथा कोटहरुमा हुने पूजापाठलाई गर्दिँदै आइएको प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिन बजेट व्यवस्था गरेको छु।
- अपाङंग लक्षित कार्यक्रम तथा जेष्ठ नागरिक दिवासेवा कार्यक्रमका लागि आवस्यक बजेट विनियोजन गरेको छु ।
- महिला स्वास्थ्य स्वयमसेविकालाई दिँदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने व्यवस्था मिलाएको छु।
- सामाजिक विकास तर्फका क्षेत्रमा लिएका विभिन्न नीति तथा कार्यक्रमको लागि रु ३२ करोड ५४ लाख ४१ हजार बजेट विनियोजन गरेको छु।

- **आदरणीय गाउँसभाका अध्यक्षज्यू लगायत सदस्यज्युहरु**
- **पूर्वाधार विकास तर्फ**
- गाउँपालिकाका मुख्य सडक खण्डहरु, कृषि संकलन केन्द्र, चिस्यान केन्द्र, पर्यटन पुर्वाधार, नागरिक आरोग्य केन्द्र आदी निर्माणाधिन रहेका र यस आ.ब.मा सम्पन्न हुन नसक्ने संभावना देखिएकोले आगामी बर्षको लागि उक्त योजनाहरु सम्पन्न गर्न आवस्यक बजेटको प्रबन्ध गरेको छु ।
- प्रदेश सरकार संगको साझेदारीमा वडा नं ७ मा निर्माण हुने छाचोक चित्रे भैंसे सडक स्तरोन्नतीको लागि आवस्यक बजेट व्यवस्था गरेको छु ।त्यस्तै गरी बाल कल्याण आ.वि. मादी ९ को भवन निर्माण कार्य प्रदेश सरकारको विशेष अनुदानमा सम्पन्न हुने छ ।
- गाउँपालिकाको प्रशासनिक भवन र जग्गा खरिदको लगि बजेट व्यवस्था गरेको छु ।
- वडास्तरमा रहेका मुख्य मुख्य बस्तिबाट वडा सदरमुकाम आउने सडकहरुको मर्मत सम्भार र स्तरोन्नतिका लागि बजेट व्यवस्था गरेको छु ।
- विद्यालयहरुलाई थप पूर्वाधार सम्पन्न बनाउन तथा भैरहका संरचनाहरुको मर्मत सुधार गरी संरक्षण गर्न बजेटको व्यवस्था मिलाएको छु।

- विभिन्न वडामा आवश्यकता अनुसार सामुदायिक भवन, प्रतिक्षालय, शौचालय, संघसंस्थाको भवन निर्माणको कार्य र स्थानीय स्तरका खानेपानी, सिंचाई, गोरेटो बाटो, शौचालय निर्माण जस्ता कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था मिलाएको छु।
- संघ संस्थाको साझेदारीमा थप पर्यटन पूर्वाधार निर्माण गरी गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने लक्ष्य अनुरुप विभिन्न पर्यटकीय गन्तव्यमा थप पूर्वाधार निर्माण गर्न बजेटको व्यवस्था गरेको छु ।
- उपरोक्त कार्यक्रमहरुको कार्यान्वयन गर्न आगामी वर्षमा रु १३ करोड ५४ लाख ०५ हजार बजेटको प्रबन्ध गरेको छु।
- **आदरणीय सभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु**
- **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**
- विकास निर्माण, खनिज उत्खनन, ढुंगा निकासी गर्दा वातावरणीय क्षयीकरण हुन सक्ने भएकोले विकास र वातावरणको सामन्जस्यता गर्न आयोजना कार्यान्वयन गर्नु पूर्व वातावरणीय अध्ययन को लागि बजेट व्यवस्था गरेको छु। ।
- महामारी लगायत विविध समयमा विपद तथा प्रकोप व्यवस्थापन कोपमा आर्थिक तथा जिन्सी सहयोग व्यवस्थापन गर्न छुट्टै विपद व्यस्थापन कोष खडा गरी विपद प्रतिकार्य गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।
- मनसुनजन्य विपद, आगलागी, असिना, हावाहुरी, वाढिपहिरो, चट्याङबाट प्रभावित गाउँपालिकाबासी, व्यवसाय तथा संघसंस्थालाई दिइँदै आइएको राहत तथा सहयोगलाई निरन्तरता दिन बजेटको व्यवस्था मिलाइएको छ।
- न्यायिक निरुपण प्रभावकारी बनाउन बजेट प्रस्ताव गरेको छु।
- गाउँपालिकाबाट सम्पादित कामहरुको वित्तीय एवम् सामाजिक परिक्षणको लागि मासिक, चौमासिक अर्धवार्षिक सार्वजनिक सुनुवाईका कार्यक्रमहरु सञ्चालन गर्न बजेट व्यवस्था गरेको छु।
- आन्तरिक कार्यालय व्यवस्थापन अन्तर्गत आवश्यक शाखा, वडा कार्यालयहरुमा दैनिक तथा प्रशासनिक कार्य व्यवस्थापन गर्न बजेटको व्वस्था गरेको छु।
- विभिन्न समयमा सूचना र संचार प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी डिजिटल साक्षरता र प्राविधिक दक्षता अभिवृद्धि गर्न बजेट प्रस्ताव गरेको छु।

- गाउँपालिकाको सम्पूर्ण शाखाको तथ्यांक सुरक्षित तथा व्याकअपको लागि डाटा बैंकको नीतिलाई कार्यान्वयन गर्न बजेट व्यवस्था गरेको छु।
- गाउँपालिकाको विभिन्न क्षेत्रसँग सम्बन्धी तथ्यांकहरु संकलन गर्ने, संकलित तथ्यांकलाई आधुनिक प्रविधिवाट अध्यावधिक गर्दै अभिलेख सुरक्षित तरिकाले व्यवस्थापन गर्ने नीतिलाई कार्यान्वयन गर्न बजेट प्रस्ताव गरेको छु।
- गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि, राजश्व चुहावट, व्यवस्थापन गर्न राजश्व सुधार कार्ययोजना कार्यान्वयन गर्न व्यवस्था मिलाएको छु।
- कर तिर्ने समयावधिलाई व्यवस्थित गर्न छुट र विलम्ब शुल्कलाई कडाइको साथ लागू गरिनेछ।
- सम्पत्ती कर, पर्यटन शुल्क, सडक सदुपयोग शुल्क, व्यवसायीक कर, ढुङ्गा गिटी र बालुवाको उत्खननबाट राजश्व संकलन गरिने छ भने घरजग्गा अभिलेखिकरणको अभियान संचालन गर्न बजेट प्रस्ताव गरेको छु ।
- हालसम्मको रहेको बेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाई शुन्यमा झार्ने नीति अनुरूप निर्माण सामाग्री खरिद गर्नुपर्ने कार्य बाहेक अन्य कार्यमा पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ। पूरानो पेश्की फछ्र्यौट बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्ब पेश्की फछ्र्यौट गराउन आवश्यक व्यवस्था मिलाइएको छ।
- परम्परागत भुक्तानी प्रणालीलाई विस्थापित गर्दै विद्युतीय भुक्तानी प्रणाली पूर्ण रुपमा प्रयोगमा ल्याउन आवश्यक व्यवस्था मिलाएको छु।
- जनप्रतिनिधि तथा कर्मचारीको क्षमता अभिवृद्धि गर्न क्षमता विकास योजना तयार गरी कार्यान्वयनमा लैजानको लागि बजेट व्यवस्था गरेको छु।
- उल्लेखित कार्यक्रमको लागि रु ९०  लाख ३ हजार बजेट विनियोजन गरेको छु।

**आदरणीय सभाका अध्यक्ष ज्यु तथा सदस्यज्यूहरु**

आ.व. २०८३/०८४ का लागी प्रत्येक वडालाई कार्यक्रम तथा योजना संचालन गर्न सुत्र प्रणालीको आधारमा एकमुष्ठ रु ८ करोड ८ लाख २४ हजार बजेट व्यवस्था गरेको छु। उल्लेखित बजेटबाट वडा तहबाट प्राप्त योजना तथा कार्यक्रमहरु कार्यान्वयन हुनेछन। योजना तथा कार्यक्रमहरुको विवरण अनुसुचिमा राखिएको छ।

उपरोक्त सम्पूर्ण योजना तथा कार्यक्रमको लागि आगामी वर्ष कुल ६५ करोड १२ लाख ५१ हजार को बजेट प्रस्ताव गरेको छु। जसमध्ये पूँजीगत कार्यक्रम तर्फ रु. १८ करोड १४ लाख ९० हजार र चालु तर्फ रु ४६ करोड ९७ लाख ६१ हजार रहेको छ।

नेपाल सरकारले तोके बमोजिमको खर्च शिर्षकको विभाजन अनुसार तालिम कार्यक्रम अनुदान लगायतका पूँजी निर्माण गर्ने कार्यक्रमहरु चालु खर्च शीर्षकमा रहने हुनाले चालु बजेट बढी देखिन्छ। संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान मध्ये २७ करोड १८ लाख चालु कार्यक्रममा समावेश गरेकोले पनि चालु बजेट बढी देखिन गएको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

**आदरणीय सभाका अध्यक्षज्यू तथा सदस्यज्यूहरु**

अब म उल्लेखित खर्चको लागि आ.व.२०८३/०८४ को स्रोत अनुमान पेश गर्ने अनुमति चाहन्छु।

| सि.नं. | स्रोत | रकम |
|---|---|---|
| १ | संघीय समानिकरण अनुदान | १० करोड २६ लाख |
| २ | संघीय सशर्त अनुदान | २८ करोड २९ लाख |
| ३ | संघीय राजश्व बाँडफाँड | ११ करोड ८२ लाख ९८ हजार |
| ४ | प्रदेश समानिकरण अनुदान | १ करोड ११ लाख ९९ हजार |
| ५ | प्रदेश समपुरक अनुदान | ४५ लाख |
| ६ | प्रदेश विशेष अनुदान | ४० लाख |
| ७ | प्रदेश राजश्व बाँडफाँड | १ करोड १८ लाख ३७ हजार ५ सय ७५ |
| ८ | स्थानीय राजस्व बाँडफाँड | ५६ लाख |
| ९ | रोयल्टी | २ करोड ६० लाख |
| १० | आन्तरिक आय | १ करोड ११ लाख ९६ हजार ४ सय २४ |
| ११ | अनुमानित मौज्दात अ.ल्या. | ६ करोड ३१ लाख २० हजार |
| १२ | लागत सहभागिता नगद | १ करोड |
| | जम्मा | ६५ करोड १२ लाख ५१ हजार |

- उल्लेखित सिलिङ बमोजिमको स्रोत अनुमान र विनियोजनलाई तुलना गर्दा कुल विनियोजित बजेट उपलब्ध स्रोतको तुलनामा केहि रुपमा न्यून हुने देखिन्छ।
- गाउँपालिकाले अगाडि सारेका महत्वाकांक्षी योजनाहरुमा बजेटको ठूलो धनराशी दायित्वको रुपमा रहेकाले सृजित दायित्व बहन गर्ने प्रयास गर्दा कुल आयको तुलनामा व्यभार बढ्न गएको हो।

- आ.व. २०८२/०८३ मा कायम गरिएका करका दरहरुमा सामान्य फेरबदल गरिएको व्यहोरा सम्मानित सभा समक्ष पुनः जानकारी गराउँदै करको दरमा समाविष्ट भएका तर कार्यान्वयनमा लैजान नसकिएका विभिन्न राजश्वका क्षेत्रहरुलाई कार्यान्वयनमा लगि आन्तरिक आयलाई वृद्धि गर्न सम्पति कर, व्यवसायिक कर, , सेवा शुल्क, पर्यटन शुल्क, घर जग्गा अभिलेखिकरण र उच्च स्तरीय प्राकृतिक स्रोत समितको प्रतिवेदन जस्ता शिर्षकबाट प्रभावकारी रुपमा राजश्व उठाउन प्रस्ताव गरेको छु र यसबाट आन्तरिक आय वृद्धि हुन जाने अनुमान गरेको छु। साथै चालु आ.व.मा अनुमान गरिएको आन्तरिक आम्दानी, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा संघ सरकारबाट प्राप्त हुने समानिकरण अनुदान बजेट सिलिङ अनुसार प्राप्त हुन नसकेकोले चालु आ.व.मा विनियोजित कार्यक्रम तथा योजनाहरु प्रभावित भएको व्यहोरा स्मरण गराउन चाहान्छु साथै संचालित योजना तथा कार्यक्रमहरुको लागि कार्यपालिकाको निर्णय बमोजिम भुक्तानी गर्न बजेट अपर्याप्त भएकोले सो का लागि समेत आगामी आ.व.मा दायित्व भुक्तानी बजेट प्रस्ताव गरेको छु।
- चालु आर्थिक बर्षमा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान प्रक्षेपण गरे अनुरुप प्राप्त नभएको तथा आन्तरिक आय समेत लक्ष्य अनुरुप उठ्न नसकेकोले गाउँपालिकाबाट संचालित भई सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको भुक्तानी विनियोजित शीर्षकबाट हुन नसकेकोले बचत हुने अन्य स्रोतबाट कार्यान्वयन गर्नुपर्ने परिस्थिती सृजना भएकोले यसरी स्रोतान्तर भई भुक्तान भएका योजना तथा कार्यक्रमहरुको स्रोतान्तर/शीर्षकान्तर/रकमान्तर को अनुमोदनका लागि समेत प्रस्ताव गरेको छु ।
- आन्तरिक आम्दानीको अनुमान बमोजिम राजश्व प्राप्त गर्न निम्न बमोजिम नीतिहरु अवलम्वन गर्ने गरी प्रस्ताव गरेको छु।
- आ.व. २०८२/०८३ मा संकलन गरेको राजस्वलाई आधार मानि राजस्वका थप क्षेत्रहरुको पहिचान गरि कार्यान्वयनमा ल्याउने र कार्यान्वयनमा आएका राजस्वका क्षेत्रहरुको दायरा फराकिलो बनाई आन्तरिक आय बृद्धि गर्ने योजना रहेकोले आ.ब. २०८२/०८३ को तुलनामा आन्तरिक आय उल्लेख्य वृद्धि हुने अनुमान गरेको छु।
- व्यवसाय दर्ता कार्यलाई प्राथमिकतामा राखी जनताको चाहना बमोजिमको पेशालाई व्यवस्थित गर्न हाल व्यवसाय दर्ता गर्ने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाबाट व्यवसायको वर्गीकरणको आधारमा व्यवस्थापन गर्दै व्यवसाय दर्ता र नविकरणलाई घुम्ती सेवा संचालन गरी असुलउपर गरिनेछ।

- घरनक्सा पास तथा अभिलेखिकरणलाई प्रभावकारी रुपमा विशेष अभियान संचालन गरि कार्यान्वयनमा लगिने छ।
- नदिजन्य तथा खानी जन्य पदार्थको निकासी तथा विक्रि करलाई निरन्तरता दिइएको छ। चालु आ.ब.मा ठेक्कामा जान नसकेका घाट, खोलाहरुबाट उत्खनन तथा निकासी हुने सामाग्रीको आगामी आ.ब.मा ठेक्का नलागेमा कर्मचारी व्यवस्थापन गरि शुल्क उठाउने व्यवस्था मिलाईने छ ।

कुनै एक वार्ड, गाउँ, क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने यथार्थलाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ। यस बाट सबै क्षेत्रको सन्तुलित र समतामुलक विकासमा टेवा पुग्न जाने विश्वास लिइएको छ भने अर्को तर्फ सीमित स्रोत र साधनलाई प्राथमिकताको आधारमा बाँडफाँड गर्दा छिरलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिन थप स्रोत र साधनको पहिचानमा ध्यान दिनुपर्ने देखिन्छ।

चालु आ.व.को विभिन्न मितिमा बसेको गाउँ कार्यपालिकाको बैठक तथा कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुबाट भए गरेका नीतिगत निर्णय एवम् वित्तीय तथा आर्थिक दायित्व भएका निर्णयहरुको अनुमोदनका लागि सम्मानित सभा समक्ष पेस गरेको छु।

अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्ने चरणमा सहयोग पुऱ्याउनुहुने गाउँपालिकाका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु एवम् पदाधिकारीज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण राष्ट्रसेवक कर्मचारीज्यूहरू एवम् प्रत्यक्ष र परोक्ष रुपमा सहयोग गर्नुहुने सम्पूर्णमा धन्यवाद व्यक्त गर्दछु ।

कल्पना गुरुङ
उपाध्यक्ष